# नेपाल अपाङ्ग महिला संघ

NEPAL DISABLED WOMEN ASSOCIATION

## परिचय

यस नीति निर्माण पहलपत्र अपाङ्गता भएका व्यक्तिहरुका संस्थाका लागि संघिय, प्रादेशिक र स्थानीय तहको सरकारमा अपाङ्गता भएका महिलाहरुको योजना, निर्णय र विकास प्रक्रियामा समावेशिता सुनिश्चित गर्नका लागि तयार गरिएको पैरवी उपकरण हो । यस नीतिनिर्माण पहल पत्र नेपाल अपाङ्ग महिला संघले आइ एफ ई एस को सहयोगमा आयोजित "अधिकारका लागि अभियान : प्रभावकारी नीति निर्माणका लागि अपाङ्गता भएका महिलाहरूको सशक्तीकरण" कार्यशालामा बृहत छलफल गरि निर्माण गरेका थिए । सो कार्यशाला भाद्र ११ देखि १४ मा आयोजित गरिएको थियो जसमा नेपाल अपाङ्ग महिला संघ अन्तर्गतका ५ जिल्लाका सहभागी उपस्थिति थिए ।

यस नीतिनिर्माण पहल पत्र सबै तहका सरकार समक्ष विकास योजना र नीति निर्माण प्रक्रियामा अपाङ्गता भएका महिलाहरुको आवाज, अधिकार र सहभागिताकालागि पैरवी गर्ने उद्देश्येले निर्माण गरिएको हो । यस नीति निर्माण पहलपत्र निर्माण क्रममा उपस्थित महिलाहरुले पहिचान गरेका पाँच प्राथमिक क्षेत्रहरु क्रमश :अर्थपूर्ण सहभागिता, रोजगारीको सुनिश्चितता, हिंसा न्यूनिकरणका लागि न्यायमा पहुँच, सार्वजनिक तथा नीजि क्षेत्रमा अपाङ्गता मैत्री भौतिक संरचना र सूचना प्रणाली, अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको गुणस्तरीय र जीवनोपयोगी शिक्षामा पहुँच रहेका छन् ।

अपाङ्गता भएका महिलाहरुका अवरोधहरु पहिचान गरि सम्बन्धित निकाय तथा पदाधिकारी जस्तै नीतिनिर्माता, निर्वाचित जनप्रतिनिधि तथा सरकारी निकायहरुसंग अपाङ्गता भएका महिलाहरुलाई विकास योजना, नीति निर्माण तथा कार्यन्वयन प्रक्रियामा समावेश गरि मुलधारमा ल्याउने उदेश्यले पैरवी गर्न यस प्राथमिक क्षेत्रहरु तय गरिएको छ ।

नेपालको जनगणना २०६८ अनुसार जम्मा ३ अर्ब जनसंख्याको २% जनसंख्या अपाङ्गता भएका व्यक्तिहरुको रहेको छ । जस मध्ये ४५.४४ % अपाङ्गता भएका महिलाहरु रहेका छन । विश्व स्वास्थ्य संगठनको विश्व अपाङ्गता प्रतिवेदन र विश्व बैंकले विश्वको जनसंख्या मध्ये १५% जनसंख्या अपाङ्गता भएका व्यक्तिहरुको रहेको दावी गरेको छ । यद्यपि अपाङ्गता अधिकार अभियन्ता, संघ संस्था तथा सम्बन्धित निकायले नेपालको जनगणना २०६८ मा प्रकाशित

अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या वश्व स्वास्थ्य संगठनको प्रतिवेदनको तुलनामा उल्लेखनीय रुपमा अवमुल्यनमा रहेको विश्वास गर्दछन ।

## अन्तराष्ट्रिय स्तरमा अपाङ्गता भएका महिलाहरुको अधिकार

अन्तराष्ट्रिय समुदायले अपाङ्गता भएका व्याक्तिहरुका अवरोधहरु त्यसमा पनि अपांगता भएका महिलाहरुले भोग्नु परेका अवरोधहरु र उनिहरुको समावेशिता र सशक्तीकरणलाई धेरै समय अगाडी देखि नै पहिचान गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धिको धारा २९ ले अपाङ्गता भएका व्याक्तिहरुको राजनीतिक तथा सार्वजनिक जीवनमा समानताका आधारमा पूर्णरूपमा सहभागी हुने अधिकार प्रत्याभूत गर्दछ र धारा ६ ले अपाङ्गता भएका महिलाहरुका अधिकारहरुलाई सम्बोधन गर्दछ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धिले राजनीति र सार्वजनिक जीवनमा लैगिंक समानता, अपाङ्गता भएका महिलाहरुको सशक्तीकरण र समावेशीतालाई प्रोत्सहान गर्न बहुपक्षीय दृष्टिकोण राखेको छ  र यस महासन्धिले पुरुष र महिला विच समानता र अपाङ्गता भएका महिलाहरुको मानव अधिकार एवं आधारभूत स्वतन्त्रताका लागी पक्ष राष्ट्रहरुले पूर्ण र समान पहुँचको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य  गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि  ( सिडअ) ले अपाङ्गता भएका महिलाहरुको मुद्धालाई सम्बोधन गरेको छ  यस महासन्धिको सिफारिष (सामान्य सिफारिष - २४ (महिला तथा स्वास्थ्य  (१९९१)[१], २७ (ज्येस्ठ  महिला र मानव अधिकार सुरक्षा (२०१०))[२] र २८ (पक्ष राष्ट्र को दायित्व अन्तर्गत धारा २ (२०१०)[३] रहेको छ । सिडअले अपांगता भएका महिला तथा बालिकाहरुको अवस्था प्रति विशेष ध्यान दिनुपर्ने कुरा प्रस्ट  पारेको छ र यस महासन्धिको “सामान्य सिफारिष १८ ले बिशेष गरि अपांगता भएका महिलाहरुलाई केन्द्रित गरेर पक्ष राष्ट्रहरुलाई उनीहरुका विषयमा आवधिक प्रतिवेदन मार्फत विशेष परिस्थिति, शिक्षा तथा रोजगारी, स्वस्थ्य सेवा तथा सामाजिक सुरक्षामा समान पहुँच र सामाजिक तथा साँस्कृतिक जीवनमा समावेशिताको कुरा सुनिश्चित गरेको छ ।”[४]

[१]·महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य  गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि  सामान्य सिफारिष २४,http://www.un.org/womenwatch/daw/cedaw/recommendations/recomm.htm#recom24

[२]·महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य  गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि  सामान्य सिफारिष २७, http://daccess-dds-ny.un.org/doc/UNDOC/GEN/G10/472/53/PDF/G1047253.pdf?OpenElement.

[३]·महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य  गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि  सामान्य सिफारिष २८, http://daccess-dds-ny.un.org/doc/UNDOC/GEN/G10/472/60/PDF/G1047260.pdf?OpenElement.

[४]·महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि सामान्य सिफारिष १८, जततउस्ररधधधागलायचनरधफभलधबतअजरमबधरअभमबधरचभअफभलमबतष्यलकरचभअफाजत३चभअफज्ञड

# नेपालको राष्ट्रिय कानुनमा अपांगता भएका महिलाहरुको सन्दर्भ

नेपालको संविधानले  लैंगिक समानता र पिछडिएका वर्गलाई बलियो रुपमा सम्बोधन गरेको छ। महिलाहरुका लागि व्यापक कानुनी सुरक्षा नीति भएता पनि अपाङ्गता भएका महिलाहरुको स्थिति झन कमजोर नै रहेको देखिन्छ । नेपालको कुल जनसंख्याको ५२ % जनसंख्या महिलाहरुको छ।  उनीहरुले कृषि मार्फत व्यापक रुपमा आर्थिक योगदान पुर्याइरहेका छन् तर राजनीतिक, सामाजिक र आर्थिक रुपले महिलाहरु पछाडी नै परेको अवस्था छ। हालै सम्पन्न निर्वाचनको तथ्यांक अनुसार स्थानीय तहमा जम्मा १४,३५२ निर्वाचित महिला मध्ये ६ जना अपाङ्गता भएका महिला छन्। प्रतिनिधि सभामा जम्मा ९० र प्रदेश तहमा जम्मा २१ निर्वाचित महिला मध्ये अपाङ्गता भएका महिलाहरुको प्रतिनिधित्व शून्य रहेको छ।

बहुसिमान्त सामाजिक पहिचानका कारण अपाङ्गता भएका महिलाहरु थप र अलग्गै किसिमका अवरोधहरु भोग्न बाध्य भएका छन्। कतिपय परम्परागत अवाधारणाका कारण अपाङ्गता भएका महिलाहरुलाई सामाजिक रुपमा समावेश नगर्ने प्रचलनले अपाङ्गता भएका महिला बहिष्कृत हुनुपरेको छ। अन्तराष्ट्रिय प्रतिबद्धता जस्तै;  अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि (सिआरपिडि), महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य  गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि  (सिडअ) प्रति पक्षराष्ट्रहरुको सीमीत बुझाइ एवं राष्ट्रिय कानुनी प्रावधान सम्बन्धमा अपाङ्गता भएका महिलाहरु स्वयम नै जानकार नभएको कारणले राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा उनीहरुको सहभागितामा पर्याप्त अवरोधहरु देखा परेका छन्।

नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिलगायत सबै नागरिकका लागि समानताको हक (धारा १८), सामाजिक न्यायको हक (धारा ४२) र पहुँचयुक्त यातायात (धारा ५१) को व्यवस्था गरेको छ। संविधानले राज्यको  विभिन्न संयन्त्रमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व र सहभागिता हुनुपर्ने प्रावधान राखेको छ। संविधान (धारा ८४ र १७६) ले राजनीतिक दलले अपाङ्गता भएका व्यक्तिहरूलाई प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य पदका लागि उम्मेदवारको सूचीमा राख्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी, संविधानले राष्ट्रियसभामा (प्रत्येक प्रदेशबाट एक सिटका दरले सात सिट अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायका व्यक्तिका लागि आरक्षण दिएको छ (धारा ८६)। तर, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ ले अल्पसङ्ख्यक समूहलाई दिएको जति प्राथमिकता अपाङ्गता भएका व्यक्तिहरूलाई दिएको छैन। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ ले मानसिक सन्तुलन ठीक नभएको भन्ने शब्दावलीलाई थप परिभाषित नगरी त्यस्ता व्यक्तिको पक्षमा रहन प्रतिबन्ध लगाएको छ।[५]

[५]दुवै ऐनको दफा १३ (ञ)।

मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ ले बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई मतदान गर्न प्रतिबन्ध लगाएको छ जुन सीआरपीडीको भावनाविपरीत छ ।[६] अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिसरह समान आधारमा भयरहित वातावरणमा निर्वाचनमा उम्मेदवार हुन पाउने र स्वेच्छिकरूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्न पाउने अधिकार सुनिश्चित गरेको छ । साथै अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी सरकारले उपयुक्त व्यवस्था मिलाउनु पर्ने मिलाउनु पर्ने व्यबस्था पनि गरेको छ (दफा ११) । यस ऐनको दफा १९ ले अपाङ्गता भएका महिलाहरुका लागी सरकारले अधिकारको संरक्षण गर्न तथा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नु पर्ने र अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरुको स्वास्थ्य तथा प्रजनन् अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि (सिआरपिडि) को नेपाल समर्थन पछि, नेपाल सरकारले अन्तराष्ट्रिय सम्झौतामा देशको पुर्ण र प्रभावकारी सहभागितालाई मार्गदर्शन गर्न अपाङ्गता भएका व्याक्तिहरुको लागी पहुँच योग्य भौतीक संरचना र संचार सेवा निर्देशिका, २०१३ पारित गर्‍यो । निर्देशिकाले धेरै प्रकारका भौतिक संरचनाहरु जस्तै सडक, पार्किङ स्थल तथा विद्यालयहरु पहुँचयोग्य बनाउने आवश्यकता औंल्याएको छ । तथापी, गाविस तथा नगरपालीकाले यि मुद्दाहरुलाई पुर्ण रुपमा कार्यान्वयन गर्न बाँकी नै रहेको देखिन्छ । मतदान केन्द्रहरु विद्यालय र अन्य सार्वननिक भवनहरुमा राखिने हुदां यस निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि (सिआरपिडि) को आधारमा मतदान केन्द्र निर्माण गर्ने व्यवस्था सुनिश्चित गरेको हुनुपर्दछ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सबै सार्वजनिक निकायहरुले नेपाली नागरिकलाई सूचना प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ ।

तसर्थ, देशको कानुनी प्रावधानहरुमा सार्वजनिक शिक्षाको आवश्यकता देखिन्छ, किनभने यसले सरकारका सबै तहमा अपाङ्गता भएका महिलाहरुको समता, सकरात्मक कार्य, प्रतिनिधित्व र प्रभावकारी सहभागीताको प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालको संविधान २०७२ ले नागरीक सहभागितालाई सुनिश्चित गरेको छ भने अपाङ्गता भएका महिलाहरुका अधिकारको सुरक्षा र प्रवर्द्धन गर्नका लागी सरकारका सबै तह एवं सम्बन्धित सरोकारबालाहरु मा चेतना फैलाउनु जरुरी छ ।

[६]मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को दफा २३ (२) (क) मा 'मानसिक सन्तुलन ठीक नभएको व्यक्ति' भन्ने उल्लेख छ ।

## नीतिनिर्माण पहलपत्र

१. अपाङ्गता भएका महिलाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारका लागि सबै तहमा निर्णायक र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरिनुपर्ने ।

२. अपाङ्गता भएका महिलाहरुको स्वरोजगार, रोजगारीको सुनिश्चितताका लागि आरक्षणको कार्यान्वयन, इन्टर्नशिप प्रदान, रोजाइ अनुसारको सीप प्रदान, उत्पादन गरेका सामाग्रीहरुको बजार व्यवस्थापन र उद्दमीहरुलाई निरन्तर विज्ञ परामर्श प्रदान गरी समावेशी र पहुँचयुक्त बनाउनको लागि निजी तथा सार्वजनिक साझेदारीलाई प्रवर्धन गरिनुपर्ने ।

३. अपांगता भएका महिला माथि हुने शारीरिक, आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक र यौनजन्य लगायत सवै प्रकारका लैङ्गिक हिंसा न्यूनिकरणका लागि न्यायमा पहुँच वृद्धि गरिनुपर्ने ।

४.सार्वजनिक तथा नीजि क्षेत्रमा अपाङ्गता मैत्री भौतिक संरचना र सुचना प्रणालीलाई विश्वव्यापी ढाँचा अनुरुप निर्माण र परिमार्जन गरिनुपर्ने । साथै, नीतिगत सचेतना र धारणागत एवं सोचाइजन्य अवरोध हटाउन जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनुपर्ने ।

५. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको गुणस्तरीय र जीवनोपयोगी शिक्षामा पहुँच अभिवृद्धिका लागि भौतिक संरचना, पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप, पाठ्यसामाग्री, सुरक्षित आवास र मूल्यांकन प्रणालीलाई समावेशी बनाई राष्ट्रिय तथा अन्र्तराष्ट्रिय नीति तथा प्रतिवद्धताको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने ।

## निष्कर्ष

यस निति निर्माण पहल दस्तावेजले अपाङ्गता भएका महिलाहरुको मानवअधिकार प्रवर्द्धन र अपाङ्गतासमावेशीकरणका लागी पर्याप्त आर्थिक स्रोत निर्धारण तथा  सरकारका सबै स्तरमा मानवअधिकार प्रर्वद्धन र एकिकृत गर्ने बिषयमा  सूचना प्रदान गर्दछ । यस निति निर्माण पहलपत्रले अपाङ्गता भएका संघ संस्थालाई मार्गदर्शन गर्नुका साथै अपाङ्गता भएका महिलाहरुको सरकारका सबै तहमा सहभागीताका लागी र अन्य नागरीक समाजका संस्था जसले लैङ्गिक तथा अपाङ्गता विषयलाई आधार मानेर काम गर्छ  तिनिहरुका लागी महत्वपुर्ण दस्तावेज हो ।